# नारायणी डेभलपमेन्ट बैंक लि.
**Narayani Development Bank Ltd.**

"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था"

केन्द्रीय कार्यालयः
रत्ननगर, चितवन, नेपाल
फोनः ९७७-०५६-५६०६०८/५६१२५८
E-mail: info@www.ndbl.com.np |Web: www.ndbl.com.np


# १८ औं वार्षिक साधारण सभा सम्बन्धी सुचना

यस नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको संचालक समितिको मिति २०७७/०५/२५ गते बिहीवारको निर्णयानुसार यस कम्पनीको १८ औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल गर्न बोलाउने निर्णय भएको हुनाले शेयरधनीहरूको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

**साधारण सभाको मिति, समय, स्थान**

मितिः २०७७ आश्विन १६ गते शुक्रवार ।
स्थानः स्टार व्याङक्वेट रत्ननगर, चितवन ।
साधारण सभा हुने समयः दिउसो १:०० बजे ।

**छलफलको विषयः**

**(क) साधारण प्रस्ताव**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्युको आ.व.२०७५/०७६ को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल आषाढ मसान्तको वितीय विवरण, सोही मितिमा पेश भएको आ.व.२०७५/०७६ को नाफा नोक्सान हिसाब विवरण, नगद प्रबाह विवरण, इक्वीटिमा भएको परिवर्तनको विवरण र सो सँग सम्बन्धित अनूसुचीहरू सहितको वित्तीय विवरणहरू परित गर्ने ।
(३) बैंकको आ.व. २०७६/०७७ को लेखापरीक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
(४) संचालक नियुक्ति तथा अनुमोदन गर्ने ।

**(ख) बिशेष प्रस्तावहरूः**

(१) जारी तथा चुक्ता पूँजी बृद्धी गर्ने र सोही बमोजिम प्रबन्ध पत्रमा संशोधन गर्ने सम्बन्धमा आ.व. २०७४/७५ को २०७५ मंसिर २८ गते सम्पन्न बैंकको १६ औं र १७ औ बार्षिक साधारण सभाबाट पारित तत्काल समयमा कायम चुक्ता पूँजी रू.६,५६,१६,९००/- को १:१ एक बराबर एक हकप्रद शेयर जारी गरी चुक्ता पूँजी रू.१३,१२,३३,८००/- पुऱ्याउने र तदनुरूप सोही बमोजिम कम्पनीको प्रबन्धपत्र, नियमावलीमा अधिकृत, जारी र चुक्ता पूँजी संसोधन गर्ने निर्णयलाई अनुमोदन गरी निरन्तरता दिने ।
(३) नेपाल राष्ट बैंकको निर्देशानुसार "ख" बर्गको जिल्ला स्तरीय विकास बैंकलाई न्युनतम चुक्ता पुँजी रू ५०,००,००,०००/- पुर्‍याउन पर्ने भएकोले कम्पनीको अधिकृत, जारी र चुक्ता पुँजी बृद्धी गर्ने र तदनुरूप हुने गरि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक शंसोधन गर्ने ।
(४) यस नारायणी डेभलपमेण्ट बैंक लि.र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति/समाहित (Acquisition) हुने, रणनीतिक साझेदार, नयाँ लगानीकर्ता भित्र्याउने प्रयोजनका लागि उपयुक्त बैंक वित्तीय संस्था, साझेदार, लगानीकर्ताको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्व मुल्याकंन (Due Diligence Audit) गर्ने परामर्शदाता, मुल्याकंनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्यहरू गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने ।
(५) कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा कम्पनीको आवश्यकता अनुसार तथा नियमनकारी निकायहरूवाट कुनै फेरवदल, सुझाव भएमा सोही अनुसार आवश्यक फेर वदल गर्न संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिन स्वीकुत दिने ।
(६) विविध ।

आज्ञाले
कम्पनी सचिव

**१८ औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी**

१८औं वार्षिक साधारण सभा प्रयोजनका लागि २०७७/०६/०८ देखि २०७७/०६/१६ सम्म कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ । मिति २०७७/०६/०७ गते सम्म नेपाल स्टक एक्सचेञ्जमा कारोबार भै प्रचलित कानून बमोजिम बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइ.एम.इ क्यापिटल लि. मा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरू मात्र साधारण सभामा भाग लिन हाजिर गर्न योग्य हुनेछन ।

*(नोटः थप अन्य जानकारीको लागी यस बैकंको केन्द्रीय कार्यलय रत्ननगर, चितवनमा सम्पर्क गर्नुहोला वा बैकंको सुचना पाटीमा हेर्नु होला)*